# पाठ ५ बसाईं को प्रमाणपत्र / बसाईं सराई को सुचना आदी

## १ बसाईं • को प्रमाणपत्र

### (१) बसाईंको रेकर्ड

नाम, जन्म मिती , ठेगाना जस्ता व्यक्तिगत जानकारीहरु सन्कलन र प्रमाणित गर्नका लागि बसाईंको रेकर्ड रखिन्छ। विदेशी नागरिकहरुको लागि रखिएको बसाईंको रेकर्डमा राष्ट्रीयता / क्षेत्र, बसाईंकोको स्थिति र बसाईंको अवधि जस्ता थप जानकारी हुन्छ । व्यक्तिगत लाहाछाप दर्ता, राष्ट्रिय स्वास्थ्य विमा , कर र अन्य विषयहरू यी रेकर्डहरूमा आधारित हुनछन्।

《बसाईं रेकर्ड लागि योग्य विदेशी वासिन्दाहरु》

(१) मध्य देखी लामो समयका वासीहरु (जाइर्यो कार्ड , वासिन्द कार्डका लागि योग्य विदेशीहरु): ३ महिना भन्दा बढी बस्न पाउने अनुमती पाएका विदेशीहरु तल दिईएका बाहेक :अस्थायी आगन्तुक / कूटनीतिक / आधिकारिक भिषा पएर बसेका विदेशी ।

(२) विशेष स्थायी वासीहरू

(३) राष्ट्रत्व गुमाएका तथा जापानमा जन्मिएका ब्यक्तीहरु कुनै पनि सरकारी प्रमाण पत्र बिना केही समय सम्म अस्थायी रूपमा बस्न सक्नुहुनेछ । उक्त ब्यक्तीहरु जन्मिएको तथा प्रमाण पत्र हराएको ६० दिन सम्म जापानमा बस्ने अनुमती पाउने छन ।

(४) अस्थायी शरणार्थी वा हालका लागि बसोबासको अनुमति पाएका ब्यक्तीहरु (नोट: गैर-जापानी नागरिकहरु जो माथिका कुनै पनि वर्गमा पर्दैनन उनिहरु बसाईं पंजीकरणको लागि योग्य हुनेछैनन् । उक्त ब्यक्तीहरुलाई बसाई रेकर्ड वा लाहाछाप दर्ता प्रमाण पत्र को प्रतिलिपी जारी गरिने छैन ।

### (२) बसाईं रेकर्डको प्रतिलिपि

बसाईं रेकर्डको प्रतिलिपि अथवा बसाईं रेकर्डमा दर्ता गरिएक वस्तुहरुको प्रमाणपत्र चहिएमा कृपया चहिने कागजपत्र ल्याई घरेलू वासिन्दा रजिस्ट्री डिभिजन अथवा सिटी साखा कार्यालयमा (प१२) निबेदन दिनुहोला ।

| आवश्यक कागजात | शुल्क | ह्यान्डलिंग डेस्क |
|---|---|---|
| तपाइँको व्यक्तिगत परिचय जस्तै निवासी प्रमाण पत्र<br>कार्ड, विशेष स्थायी निवासी प्रमाणपत्र, ड्राइभर इजाजत पत्र, स्वास्थ्य बीमाप्रमाणपत्र, पासपोर्ट | ¥३०० / प्रतिलिपी | घरेलू बसाईं<br>दर्ता डिभिजन / सिटी शाखा कार्यालय (प१२) |

※वारेसले निबेदन दर्ता गर्नको लागि , एउटा वारेसनामा र वारेसको परिचय खुल्ने बसाई कार्ड , बिशेष स्थाई निवासी प्रमाणपत्र, ड्राइभर इजाजत पत्र, स्वास्थ्य बीमा प्रमाणपत्र, पासपोर्ट प्रमाण पत्र आवश्यक हुनेछ ।

### (३) ओता वार्डमा विदेशबाट बसाई सराई गरेमा वा ठेगाना परिवर्तन गर्नु परेमा घरेलु वासी दर्ता डिभिजन

【सोधपुछ】घरेलू वासिन्दा रजिस्ट्री डिभिजन ☎03-5744-1185

ठेगाना परिवर्तन बारे आवश्यक प्रकृयाहरु घरेलू वासिन्दा रजिस्ट्री डिभिजन अथवा साखा कार्यालय (प१२) गर्न सकिन्छ ।अवसर

<table>
<tr><th>अवसर</th><th>सूचना अवधि</th><th>आवश्यक कागजातहरू</th></tr>
<tr><td>विदेशबाट तपाईं ओता शहरमा सर्नुहुन्छ</td><td>ओता वार्डमा बसेको १४ दिन भित्र</td><td rowspan="2">रेजिडेन्ट कार्ड, अस्थायी बसोबास अनुमति पत्र, अस्थायी शरण अनुमति पत्र वा विशेष स्थायी बसोबासी अनुमतिपत्र<br>※घरमुलीसितको सम्बन्ध प्रमाणित गर्ने कागजात आवश्यक हुन सक्ने अवस्था पनि छ।</td></tr>
<tr><td>जब तपाईंको बसाईंको स्थितिमा परिवर्तनहरू अंउछ जस्तैमध्य र लामो अवधिको बसाईं</td><td>समयको वासिन्दा भएको १४ दिन भित्रमा</td></tr>
<tr><td>अर्को नगरपालिका बाट तपाईं ओता शहरमा सर्नुहुन्छ</td><td>ओता शहरमा बसेको १४ दिन भित्र</td><td>पहिलेको नगरपालिकको ठेगानाबाट जारी गरिएको बसाईं -सराईको प्रमाण पत्र र सम्पूर्ण सदस्य को वासी कार्ड ( यदी बिशेष स्थाई वासीहो भने बिशेष स्थाई वासीको प्रमाण पत्र आवश्यक हुनेछ । )</td></tr>
<tr><td>ओता शहर बाट सर्दा</td><td>ओता शहर बाट सर्नु अगाडि</td><td rowspan="4">सम्पूर्ण सदस्य को वासी कार्ड ( यदी बिशेष स्थाई वासीहो भने बिशेष स्थाई वासीको प्रमाण पत्र आवश्यक हुनेछ । )<br>※ यदि तपाईंसँग राष्ट्रिय स्वास्थ्य बिमाको प्रमाणपत्र, नर्सिंग केयर बीमा प्रमाणपत्र, शिशुहरुको मेडिकल सेवा प्रमाणपत्र, वा वृद्ध/ वरिष्ठ नागरिहरुको मेडिकल बीमाको प्रमाणपत्र छ भने कृपया फर्काउनुहोला ।<br>※ सम्बन्ध परिवर्तन हुँदा दस्तावेज वा सम्बन्ध साबित गर्ने अनुवाद आवश्यक हुनेछ</td></tr>
<tr><td>जब तपाईं ओता शहरमा बसाईं सर्नु हुन्छ</td><td>ओता शहरमा बसेको १४ दिन भित्र</td></tr>
<tr><td>जब तपाईंको परिवारको मुल मान्छे परिवर्तन हुन्छ</td><td rowspan="2">मध्यम देखी लामो समयको वासिन्दा भएको १४ दिन भित्रमा<br>बसाँई सराई गर्नु अगाडी</td></tr>
<tr><td>जब तपाईंको परिवारको मुल मान्छे को सम्बन्ध परिवर्तन हुन्छ</td></tr>
</table>

※वारेसले निबेदन दर्ता गर्नको लागि , एउटा वारेसनामा र वारेसको परिचय खुल्ने बसाई कार्ड , विशेश स्थाई निवासी प्रमाणपत्र, ड्राइभर इजाजत पत्र, स्वास्थ्य बीमा प्रमाणपत्र, पासपोर्ट प्रमाण पत्र आवश्यक हुनेछ ।

(४) बसाईं सम्बन्धी सुचनाहरु
【सोधपुछ】घरेलू वासिन्दा रजिस्ट्री डिभिजन ☎03-5744-1183

| सूचना र समय सीमा | गन्तव्य | सूचित गर्दा के आवश्यकता छ | सूचित पार्टी |
|---|---|---|---|
| जन्म भएको सुचना जन्मदिनको १४दिन भित्र (बच्चाहरु को अध्याय ११ हेर्नुहोस्) | (१)बाबु, आमाको दर्ता ठेगाना<br>(२)सूचकको ठेगाना<br>(३)बच्चाको जन्मस्थान | सूचना ( १ प्रतिलिपि ओटा शहरको लागि);<br>जन्मदर्ताको प्रमाण पत्र (डाक्टर वा सुडेनी द्वारा प्रमाणित); | बुबा वा आमा (अन्य कुनै वासीको लागि कृपया हामी सँग सल्लाह लिनु होला।) |
| विवाह प्रमाणपत्र (विवाहको लागि अध्याय ६ हेर्नुहोस्) | पति वा पत्नीको दर्ता ठेगाना<br>पति वा पत्नीको ठेगाना | सूचना (१ प्रतिलिपि ओता शहरको लागि);<br>काउन्टरमा आउने व्यक्तिको परिचय प्रमाणपत्र (ड्राइभिंग लाइसेन्स, पासपोर्ट आदि) | पति वा पत्नी |
| पारस्परिक सम्झौताद्वारा सम्बन्धविच्छेदको सूचना: (सम्बन्धविच्छेदको लागि अध्याय ६ हेर्नुहोस्) | दम्पतीको दर्ता ठेगाना<br>दम्पतीको ठेगाना | सूचना (१ प्रतिलिपि ओता शहरको लागि);<br>जापानी पर्टनरको वसोवासको प्रमाणपत्र<br>काउन्टरमा आउने व्यक्तिको परिचय प्रमाणपत्र (ड्राइभिंग लाइसेन्स, पासपोर्ट आदि) | पति वा पत्नी |
| मृत्यु सूचना: मृत्युको सुचना पएको ७ दिन भित्र | (१)मृतकको दर्ता ठेगाना<br>(२)सूचकको ठेगाना<br>(३)मृत्यको स्थान | सूचना ( १ प्रतिलिपि ओटा शहरको लागि);<br>मृत्यु प्रमाणपत्र (डाक्टर द्वारा प्रमाणित)<br>सील | म्रितकको नातेदारहरु<br>अन्य कुनै वासीको लागि कृपया हामी सँग सल्लाह लिनु होला।) |
| | मृत्युको प्रमाणपत्र प्राप्त भएपछी, दाहसन्स्कारको लागि अनुमति जारी गरिने छ । | | |


※विदेशमा मृत्यु भएमा ,सोही परिवारको एक सदस्यले मूल मृत्युको प्रमाण पत्र का साथै प्रतिलिपी हाल मृत्यु भएको नगरपालिका को कार्यालयमा बुझाउनु पर्छ । वासी को रेकर्ड हटाउन चाहेमा मृतकको हाल को वासी को दर्ता आवश्यक हुन्छ ।
※सुचनको लगी ठेगाना आवासिय अथवा अस्थाई बसाई भए पनि हुन्छ ।

## २ रेजिडेन्ट कार्ड र विशेष स्थायी वासी प्रमाणपत्र

【सोधपुछ】
टोक्यो क्षेत्रीय अध्यागमन सेवा ब्यूरो ☎0570-034259

・विशेष स्थायी वासी प्रमाणपत्र
घरेलू वासिन्दा रजिस्ट्री डिभिजन ☎03-5744-1187

※ विदेशी नागरिक हरुलाई वासी कार्ड मध्यम देखी लामो समय बसाईको लागि अथवा विशेश स्थाइ रेजिडेन्ट कार्ड प्रमाण पत्र विशेश स्थाइ वासीन्दाका लागि जरी गरिन्छ ।




### (१) वसाई र रेजिडेन्ट कार्ड / बिशेस स्थाइ रेजिडेन्ट कार्ड प्रमाण पत्रको लागि चाहिने प्रकृयाहरु: मध्यम देखी

मध्यमदेखि लामो अवधि बसाइँ गर्ने बासीको बसाइँ स्थिति परिवर्तन, बसाइँको अवधि बढाउने, रेजिडेन्ट कार्ड नवीकरण, नाम/थर वा राष्ट्रियता आदिको परिवर्तन आदि, ठेगानाबाहेक अरू जानकारीमा परिवर्तन गर्ने सबै प्रक्रियाको लागि जापान अध्यागमन सेवा एजेन्सी (ओता शहरमा बसोबास गर्ने व्यक्तिको लागि टोक्यो क्षेत्रीय अध्यागमन सेवा ब्यूरो) जानुहुन अनुरोध गरिन्छ।
विशेष स्थायी बासीको नाम/थर, राष्ट्रियतामा परिवर्तन, विशेष स्थायी बसोबासी प्रमाणपत्रको नवीकरणको प्रक्रियाको लागि घरेलू वासिन्दा रजिस्ट्री डिभिजन जानुहुन अनुरोध गरिन्छ।

### (२) रेजिडेन्ट कार्ड (वासिन्दा कार्ड)

मध्य देखी लामो समय सम्म बसेर बसाईं अनुमती प्राप्त गर्नुहुने ब्यक्तीहरुलाई बसाईं अनुमती दिईनेछ जस अन्तर्गात अवतरण अनुमती , बसाई को स्थिती परिवर्तन गर्ने र बसाई नविकरण गर्ने अनुमती दिईनेछ । आफ्नो नाम, राष्ट्रियता (ठेगाना बाहेक) आदि परिवर्तन भएको खन्डमा क्षेत्रीय आप्रवास ब्यूरोमा जान हुन अनुरोध गरिन्छ। विशेश स्थाइ वसिन्दाहरूलाई नाम वा राष्ट्रियता परिवर्तन भएको सुचना गर्न ओता शहरको रेजिडेन्ट रजिस्ट्री डिभीजनमा गइ विशेष स्थायी रेजिडेन्ट सर्टीफिकेटको नविकरणको निवेदन गर्नुपर्नेछ। ध्यान दिनु होला रेजिडेन्ट कार्ड जाली वा बदल्न नसकिने गराउनको लागि रेजिर्डेन्ट कार्डमा छपिएको केही वा सम्पूर्ण जानकारी IC चिपमा रेकर्ड गरिएको हुन्छ। बसाईं ब्यवस्थापना प्रणालीको नियम अनुसार मध्य देखी लामो समय सम्मका वासीको लागि योग्यहुन तल दिईएको कोटीहरुमा नपर्ने विदेशी नागरिकहरु पर्दछन।

※मध्य देखी लामो समय सम्मका वासी :

- ३ महिना वा सो भन्दा थोरै समय बस्ने अनुमति दिइएको व्यक्ति।
- " अस्थायी आगन्तुक"को अनुमति दिइएको व्यक्ति
- "डिप्लोमाट" वा "आधिकारिक" स्थिति दिइएको व्यक्तिहरू
- इष्ट एसियन ताइवान जापान रिलेसन संगठनको जापानिज कार्यालयका कर्मचारीहरु जस्तै ताइपेई र जापानमा रहेको सांस्कृतिक प्रतिनिधि कार्यालय र प्यलेस्टाईनको स्थाई जनरल मिसनले कर्मचारी र परिवारलाई नामित कृयाकलापको अनुमती प्रदान गर्छ।

• विशेष स्थाइ वासिहरु
• प्रावधानिक रूपमा विदेशी नागरिक
• निवासी स्तर प्राप्त नगरेका ब्यक्तिहरु

## (१) रेजिडेन्ट कार्ड को मान्यताको अवधी यस प्रकार छ

आफ्नो रेजिडेन्ट कार्डको मान्यता अवधि बढाउन अवधि समाप्त हुनु अघि नै टोक्यो क्षेत्रीय अध्यागमन सेवा ब्यूरोमा निवेदन दिनुहोला।

【स्थाइ वासी】

-१६ बर्ष वा सो भन्दा माथिका लागि : जारी गरेको समयबाट ७ बर्ष सम्म
-१६ बर्ष भन्दा तलका लागि : १६ औं जन्मदिन सम्म

【अरुकालागी】

-१६ बर्ष वा सो भन्दा माथिका लागि: बसोबासको समय अवधी नसक्किउनजेल सम्म
-१६ बर्ष भन्दा तलका लागि: बसोबासको समय अवधी वा १६ औं जन्मदिन मा जुन पहिले आंउछ त्यही

## (२) टोक्यो क्षेत्रीय अध्यागमन सेवा ब्यूरोका प्रक्रियाहरू

○विवाह वा अन्य केही कारणवश आफ्नो नाम, जन्म मिति, लिङ्ग, राष्ट्रियता वा क्षेत्रमा परिवर्तन गरेमा टोक्यो क्षेत्रीय अध्यागमन सेवा ब्यूरोमा परिवर्तन भएदेखि १४ भित्रसम्ममा सूचना दिनुहोला।

○रेजिडेन्ट कार्ड मान्यता अवधी अध्यावधिक गर्ने निवेदन :
स्थायी बासी अथवा रेजिडेन्ट कार्डको मान्यताको अवधि आफ्नो १६ वर्षको जन्मदिनसम्म भएको १६ वर्षभन्दा कम उमेरको व्यक्तिलाई आफ्नो रेजिडेन्ट कार्डको मान्यता अवधि बढाउन अवधि समाप्त हुनु अघि नै टोक्यो क्षेत्रीय अध्यागमन सेवा ब्यूरोमा निवेदन दिनुहुन अनुरोध गरिन्छ।
स्थायी बासीले रेजिडेन्ट कार्डको मान्यताको अवधि समाप्त हुनुभन्दा २ महिना अगाडिदेखि रेजिडेन्ट कार्डको मान्यताको अवधि आफ्नो १६ वर्षको जन्मदिनसम्म भएको १६ वर्षभन्दा कम उमेरको व्यक्तिले १६ वर्षको जन्मदिनभन्दा ६ महिना अगाडिदेखि निवेदन दिन सक्नुहुन्छ।
कुनै पनि स्थाई वासीले रेजिडेन्ट कार्ड को मान्यताको नविकरणको लागि समय आवधी समाप्त हुन २ महिना आघी निवेदन दिनुपर्ने छ ।- १६ बर्ष मुनिका विद्वशी वासी जस्को वासीले रेजिडेन्ट कार्ड को मान्यता १६ औं जन्मदिनमा समाप्त हुन्छ उक्त ब्यक्तिहरुले १६ औं जन्मदिन आउन ६ महिना अगाडीनै निवेदन दिनुपर्ने छ ।

○रेजिडेन्ट कार्ड पुन :जारी गर्नको लागि निबेदन प्रकृया
रेजिडेन्ट कार्ड हराएमा , छोरी भएमा , ध्वस्त भएमा कृपया क्षेत्रीय आप्रवासी ब्यूरोमा निबेदन दिनु होला । रेजिडेन्ट कार्ड हराएमा , छोरी भएमा , ध्वस्त भएमा कृपया क्षेत्रीय आप्रवासी ब्यूरोमा १४ दिन भित्र सुचना दिनुहोला ( अथवा यदी जापान बाहिर हुनुहुन्छ भने जापान फर्केको दिनमा।)

• पुन जारिको लागि निवेदन दिन कृपया प्रहरी विभाग जारी गरेको , हराएको वा चोरी भएको रिपोर्टको प्रमाण पत्र अथवा आग-लागि विभाग ले जारी गरेको प्रकोप पीडित प्रमाण लिएर आउनुहोला ।
※निवेदन दिने बेलामा आवश्यक हुने कागजातको बारेमा टोक्यो क्षेत्रीय अध्यागमन सेवा ब्यूरोसँग सोधपुछ गर्नुहोला।
• यदी तपाईं को रेजिडेन्ट कार्ड गम्भिर रूपमा ध्वस्त भएमा वा अनुहार नबुझिने भएमा , पुन: जारिको लागि सकेसम्म छिटो निवेदन दिनुहोला ।

## ३ व्यक्तिगत लाहाछप दर्ता

【सोधपुछ】घरेलू वासिन्दा रजिस्ट्री डिभिजन ☎03-5744-1185

जापानमा लेनदेन र अचल सम्पत्तीको काममा हस्ताक्षरको सट्टामा व्यक्तिगत सिल र अनुबन्धमा हस्ताक्षर चाहिन्छ ।

### (१) ओता वार्डमा दर्ता गर्न मिल्ने ब्यक्तिहरु :

ओता वार्डमा निवासी दर्ता भएको व्यक्तिहरूले दर्ता गर्न सकिन्छ। दर्ता गर्न सक्ने छाप (इन्खान) प्रति व्यक्ति एउटा मात्र हो। १५ वर्षभन्दा कम उमेरको व्यक्तिले र बालिग संरक्षक व्यक्तिले (※) दर्ता गर्न पाउनेछैनन्।

※ बालिग वैध संरक्षकसँगै आएमा दर्ता गर्न पाउँछन्।

### (२) सिल दर्ता गर्ने प्रकृयाहरु :

सिल दर्ता गर्नलाई घरेलू वासिन्दा रजिस्ट्री डिभिजन अथवा शहरी साखा कार्यालय (प१२) मान्यताप्राप्त रेजीडेन्ट कार्ड अथवा विशेष स्थाई वासी प्रमाण पत्रको साथसाथै दर्ता गर्न चाहेको सिल आफु सँग ल्याउन अनुरोध गरिन्छ ।

सिल दर्ता गरेका ब्यक्तीलाई दर्ता कार्ड दिइने छ । (प्रति कपी १०० एन) ।

### (३) सिलका सर्तहरु

सिलको नाम तपाईंको रेजिडेन्स रेकर्डमा दर्ता भएको कानुनी नामसँग हुबहु हुनुपर्नेछ ।

सिलको छाप यसप्रकार हुनुपर्नेछ :

(१) ८म्म वर्ग भन्दा ठुलो

(२) २५म्म वर्ग भन्दा सानो

※रुबरले बनेको, खीइएको कुनो भएको , नराम्रोसँग काटेको अथवा बिग्रेको आकारको सिल स्विकार्य हुनेछैन ।

### (४) सिल दर्ता कार्ड हराएमा

ब्यकित्गत सिल दर्ता कार्ड हराएको सुचना दर्तागरी पुन: सिल दर्ता गर्नुपर्नेछ ।

### (५) सिल दर्ता सर्टीफिकेटको जारी

घरेलू वासिन्दा रजिस्ट्री डिभिजन वा सिटी साखा कार्यालय (प१७) गएर फारम भर्नुहोस् । वारेसले पनि दर्ता गर्न मिल्नेछ। तपाईं वा तपाईंको वारेसले आफ्नो ब्यक्तिगत सिल दर्ता कार्ड लिएर आउनु पर्नेछ । (प्रति कपी ३०० एन) ।

